नागरिक
आर्थिक

शुक्रबार १८ साउन २०८१, Friday, 2 August 2024

बजार

सुन तोला - १४९,४००
चाँदी तोला - १८००

विदेशी मुद्रा	खरिद	बिक्री
अमेरिकी डलर -	१३३.६६	१३४.२६
युरो -	१४४.२४	१४४.८९
पाउन्ड स्टर्लिङ -	१७०.६५	१७१.४२

गौतमबुद्ध विमानस्थलबाट एयर एसियाले उडान भर्ने

काठमाडौं, साउन १७ (नागरिक)- ऋण लिएर निर्माण गरिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुन नसकेको भनेर आलोचना भइरहेका बेला भैरहवाबाट थाई एयर एसियाले उडान भर्ने भएको छ। थाइल्यान्डको हवाई कम्पनी थाई एयर एसियाले भैरहवामा उडान भर्न अनुमति लिएको छ। आगामी सेप्टेम्बर २० देखि भैरहवाबाट उडान भर्न थाइ एयर एसियाले नेपाल नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृति पाएको छ।

एयर एसियाले भैरहवाबाट सातामा चार दिन र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट तीन उडान भर्ने अनुमति लिएको हो। थाइ एयर एसियाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक सात उडानका लागि अनुमति मागेको भए पनि प्राधिकरणले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भर्न सर्त राखेपछि थाई भैरहवाबाट उडान भर्न तयार भएको हो।

एयर एसियाको नेपालमा जनरल सेल्स एजेन्ट (जिएसए) को रूपमा युनिभर्सल ट्राभल नियुक्त रहेको छ। बौद्ध धर्मावलम्बी बाहुल्य थाइल्यान्डमा भैरहवाबाट सीधा उडान गर्दा पर्यटक बढ्ने अपेक्षा गरिएको छ। थाइल्यान्डबाट बर्सेनि ठूलो संख्यामा बौद्ध धर्मालम्बीहरू गौतमबुद्ध जन्मस्थल लुम्बिनीमा आउने गरेका छन्। भैरहवाबाट यसअघि जजिरा एयर र हिमालय एयरलाइन्सले उडान सुरु गरेको भए पनि यात्रु अभाव भए पछि बन्द गरेका थिए। अहिले साताको एक दिन नेपाल एयरलाइन्सले उडान भर्दै आएको छ।

ट्राभल भ्लगमार्फत पर्यटन प्रवर्द्धन

एनिका राई
काठमाडौं, साउन १७

नेपालको पर्यटनलाई ट्राभल भ्लगरले विश्वमाझ प्रबर्द्धन गरिरहेका छन्। पछिल्लो समय विदेशी तथा स्वदेशी ट्राभल भ्लगरहरूले नेपालका विभिन्न पर्यटकीय स्थानका बारेमा भिडियो बनाइ अनलाइन साझेदारी गरिरहँदा मुलुकको पर्यटन विश्वव्यापी रूपमा परिचित भइरहेको छ।

ट्राभल भ्लगिङ घुम्न गएका कुनै पनि स्थानको भिडियोहरू खिचेर त्यसलाई सूक्ष्म सम्पादन गरेर अनलाइन साझेदारी गर्नु हो। दर्शकले खोजिरहेको मनमोहक दृश्यको अनुभूति दिलाउन परम्परागत ब्लगिङ, भिडियोग्राफी र कथा कथनका तत्त्वहरूलाई भ्लगरहरूले संयोजन गर्छन्।

समय-समयमा नेपालका विभिन्न ठाउँहरू घुम्न मन पराउने अधिवक्ता अजय तामाङले यात्री ट्राभल भ्लग हेरेर सिन्धुपाल्चोकको भैरवकुण्ड ट्रेक गएको बताए। 'यात्रीको सिन्धुपाल्चोकको भैरवकुण्डको ट्राभल भ्लग हेरेको, त्यो ठाउँ जान मन लाग्यो र गएँ पनि,' अधिवक्ता तामाङले भने, 'त्यो त्यति एक्सप्लोर भएको ठाउँ होइन तर मेरो मन प्रफुल्ल बनाउन सफल भयो। यस्तो राम्रो ठाउँलाई एक्सप्लोर गर्न सके निकै सम्भावना बोकेको पर्यटकीय गन्तव्य बन्न सक्छ।' ट्राभल भ्लगमा चर्चित पर्यटकीय गन्तव्यभन्दा पनि नयाँ वा एक्सप्लोर नभएका ठाउँको भिडियोहरूप्रति रूचि रहेको उनी बताउँछन्।

'म घुम्न जाने ठाउँहरू प्रायः ट्राभल भ्लगहरूबाटै निर्धारण गर्छु', उनले भने, 'सबै आइटिनरीसहित पर्याप्त जानकारी हुने भएकाले घुम्नका लागि निस्कनु अघि जतिसक्दो धेरै ठाउँका बारेमा तयार गरिएका ट्राभल भ्लगहरू हेर्छु।' उनले थपे, 'ट्राभल भ्लगमा त्यस ठाउँबारे विविध जानकारी समेटिने भएको हुँदा हामी जस्तो घुम्न मन पराउने मान्छेलाई सजिलो बनाइदिन्छ।' उनले प्रायः घुमन्ते र यात्री ट्राभल भ्लग हेर्ने गरेको बताए।

नेपालमा पर्यटकीय गन्तव्य भनेको काठमाडौं, पोखरा, चितवन र पर्वतीय ट्रेकिङको दृष्टिले मनाङ, मुस्ताङ अनि सगरमाथा, अन्नपूर्ण र मर्दी हिमालका आधार शिविरहरू जस्ता क्षेत्र मात्र परिचित भइरहेकोमा पछिल्लो समय यी ठाउँबाहेक अन्य धेरै सुन्दर र रमणीय ठाउँहरू पनि नेपालमा छन् भन्ने सन्देश दिन ट्राभल भ्लगरहरू सफल देखिन्छन्।

सांस्कृतिक, प्राकृतिक र भौगोलिक दृष्टिले नेपालको जुनसुकै क्षेत्र पर्यटकीय स्थान हुन् भन्ने यथार्थ विश्वमाझ प्रवाह गर्न ट्राभल भ्लगरहरूले निकै ठूलो योगदान गरेका छन्। केही वर्ष अघिसम्म निश्चित क्षेत्र र भूगोलमा मात्र सीमित नेपालको पर्यटनको आयतन अहिले पूर्वी नेपालको इलाम, पाँचथरदेखि सुदूर पश्चिमको दार्चुला, बझाङ, बाजुरासम्म फैलिइसकेको छ।

दुई लाख ७१ हजार सब्स्क्राइबर भएको 'घुमन्ते', एक लाख ७५ हजार सब्स्क्राइबर भएको 'नेपाल' एट्थ वोन्डर्स अफ द वर्ल्ड, एक लाख १९ हजार सब्स्क्राइबर भएको 'सिर्जना सिज्जु', यात्री, परिक्रमा, मुना चिया जस्ता नेपालका केही चर्चित ट्राभल भ्लगहरूले वास्तवमै विश्वभरिका मानिसलाई नेपालका नयाँ-नयाँ र विभिन्न ठाउँहरू घुम्न आकर्षित गरेका छन्। यी ट्राभल भ्लगहरूमा नेपालको पूर्व, पश्चिम, उत्तर दक्षिण क्षेत्रका सयौं पर्यटकीय गन्तव्यबारे पर्याप्त जानकारीसहित मौलिकतायुक्त सुन्दर भिडियोहरू अनलाइन मार्फत विश्वव्यापी रूपमा साझा गरिएका छन्।

लाखौं दर्शक भएको उनीहरूको भिडियोहरू लाखौं-लाख मानिसले हेर्छन्। विश्वको कुनै पनि कुनामा रहेका मानिसले आफूले चाहेको बेला हेर्न सक्छन्। ट्राभल भ्लगिङका लागि कुनै ठूलो लगानी तथा जनशक्ति आवश्यक पर्दैन्। निश्चित मानिसहरू र सामान्य आर्थिक खर्चबाहेक यसमा अन्य खर्च पनि लाग्दैन। राज्यको लगानी र जनशक्ति बिनै ट्राभल भ्लगरहरूले नेपालको पर्यटकीय गन्तव्यलाई विश्वबजारमा प्रचारप्रसार गरिरहेका छन्।

अहिले एक करोड ३६ लाख सब्स्क्राइबर भएको नास डेली, एक करोड ८० लाख सब्स्क्राइबर भएका बेष्ट एभर फुड रिभ्यु सो, एक करोड ७० हजार सब्स्क्राइबर भएका मार्क विन्स, ९० लाख ८० हजार सब्स्क्राइबर भएका एस थ्योरी, ३४ लाख २० हजार सब्स्क्राइबर भएका डेल फिलिप लगायत थुप्रै विश्व चर्चित अन्तर्राष्ट्रिय ट्राभल भ्लगरहरूले नेपाल आएर नेपालका विभिन्न पक्षबारे भिडियो बनाएका छन्। लाखौं-करोडौं सब्सक्राइबर भएका उनीहरूको भ्लगमा नेपालको पर्वतीय पर्यटन, खानपान, भिरमौरी मह खोजी गरेका जस्ता थुप्रै भिडियोहरू संसारका लाखौं मानिसहरूले हेरेका छन्। उनीहरूको भिडियोले गर्दा नेपालको पर्यटनबारे विश्वव्यापी रूपमा प्रचारप्रसार भई पर्यटकको चासोको विषय बनेको छ।

ट्राभल भ्लगले जानकारी प्रदायकका रूपमा मात्र होइन आफ्ना दर्शकलाई प्रभाव पार्ने भूमिका पनि निर्वाह गरिरहेका हुन्छन्। जुन पर्यटन उद्योगको लागि फाइदाजनक हुने नै भयो।

ठमेलको एक कार्यालयमा काम गर्ने परिना भुजेल भन्छिन्, ट्राभल भ्लग कुनै पनि प्रकृतिप्रेमीका लागि उपयुक्त सामग्री हो। 'मलाई त ट्राभल भ्लग हेऱ्यो कि घुम्न जाउँ जाउँ भइहाल्छ', उनले भनिन्, 'हामी साथीभाइहरूले घुम्ने डेस्टिनेसन छान्नु पऱ्यो भने ट्राभल भ्लग हेर्छौं।' उनले प्रायः घुमन्ते र सिसन बानियाँको ट्राभल भ्लग हेर्ने बताइन्।

ट्राभल भ्लगरले नयाँ गन्तव्य प्रवर्द्धन गर्छन् र ती नयाँ गन्तव्यहरूमा सम्भावित पर्यटकलाई भ्रमण गर्न प्रेरित गर्छ। मानिसलाई सामान्य भन्दा थप बाहिर वा नयाँ पर्यटकीय गन्तव्यहरू घुम्न प्रोत्साहित गर्छन्। ती ठाउँको वातावरण, रहनसहन, परम्परा,चालचलन र अनुभवबारे आफ्ना दर्शकलाई पर्याप्त जानकारी दिन्छन्। आफ्ना दर्शकलाई उक्त स्थानमा जान हौस्याउँछन्। अर्को अर्थमा भन्ने हो भने ट्राभल भ्लगरले पर्यटनको मार्केटिङ गर्छन्।

घुम्न रूचाउने पर्यटकलाई ट्राभल भ्लगहरूले कुनै घुम्ने ठाउँहरूबारे दिने जानकारीले गन्तव्यको विश्वसनीयता बढाउँछ। प्रभावकारी प्रचारप्रसार गर्छ भने सो गन्तव्यको छविलाई उजिल्याउँछ।

विज्ञापनमा रकमको सीमा नलाग्ने व्यवस्था गर्न मिडिया एलाइन्सको माग

माग सम्बोधन गर्न पहल गर्छु– अर्थमन्त्री पौडेल

काठमाडौं, साउन १७ (नागरिक)- सञ्चार उद्यमीहरूले आमसञ्चार माध्यमलाई दिने विज्ञापनमा रकमको सीमा नलाग्ने व्यवस्था गर्न माग गरेका छन्। नेपाली मिडिया आर्थिक सकंटको मार खेपिरहेको अवस्थामा मिडिया एलाइन्स नेपालका अध्यक्ष भाष्करराज राजकर्णिकारले मिडिया उद्योगकोतर्फबाट उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेललाई माग पत्र पेस गर्दै यस्तो आग्रह गरेका हुन्।

एलाइन्सले अर्थमन्त्री पौडेललाई बुझाएको मागपत्रमा सरकारी विज्ञापनहरू विज्ञापन बोर्डबाट विज्ञापन एजेन्सी मार्फत जाने र विज्ञापनदाताले विज्ञापनको रकम भुक्तानी गर्दा सम्बन्धित सञ्चार माध्यमको बिल अनिवार्य रूपमा संलग्न हुनुपर्ने व्यवस्थाको समेत माग गरेको छ।

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को प्रावधान अनुसार सरकारी विज्ञापन एकद्वार प्रणालीमार्फत गर्ने भन्ने कानुनी प्रावधानको समेत धज्जी उडाउँदै बजेटको व्यवस्था नगरिएकाले सरकार सञ्चार गृहप्रति अनुदार रहेको भन्दै बजेटको व्यवस्था गर्न र लोककल्याणकारी विज्ञापनको समेत समय अनुसार वृद्धि गर्न माग गरिएको छ।

मिडिया एलाइन्सले बुझाएको माग पत्रमा नेपालमा व्यापार, व्यवसाय तथा सेवा सम्बन्धी कार्य गर्ने नेपाली कम्पनीले सम्पूर्ण कारोबारको कम्तीमा एक प्रतिशत

र विदेशी कम्पनीले सम्पूर्ण कारोबारको कम्तीमा तीन प्रतिशत रकम विज्ञापनमा खर्च गर्नुपर्ने व्यवस्था गर्नसमेत माग गरेको छ। मिडिया व्यवसाय नै धितो राखेर बढीमा तीन प्रतिशत ब्याजदरमा पाँच करोडदेखि २५ करोडसम्म थप सहुलियत ऋण दिने व्यवस्था गर्न, मूल्य अभिवृद्धि कर (भ्याट) समयमै नबुझाएको कारण लाग्ने ब्याज तथा जरिवाना मिनाहा गरी बुझाउन बाँकी भ्याट किस्ताबन्दीमा बुझाउने व्यवस्था गर्न, पत्रपत्रिका छपाइका लागि प्रयोग हुने न्युज प्रिन्टमा लाग्दै आएको एक प्रतिशत भन्सार शुल्क मिनाहा गर्न, रेडियो तथा टेलिभिजनको नवीकरणमा लाग्दै आएको दुई प्रतिशत रोयल्टी शुल्क मिनाहा गर्न र सञ्चारमाध्याममा प्रयोग हुने सवारी साधनको निर्यातमा भन्सार छुटको व्यवस्था गर्न समेत माग गरेको छ।

एलाइन्सले सरकारी नियमनमा नपरेका सामाजिक सञ्जालहरू युट्, युवच्यानललाई नियमन गर्ने व्यवस्था गर्न, सामाजिक सञ्जालबाट करिब आठ अर्बभन्दा बढी रकम विदेसिएकाले नियमन गरी करको दायरामा ल्याउने व्यवस्था गर्न माग गरेको छ। मागपत्रमा आर्थिक सकंटको मार खेप्नु परिरहेको अवस्थामा नेपाल सरकारले आमसञ्चार माध्यममा मदिराजन्य पदार्थको विज्ञापन गर्न रोक लगाएकाले भन्न् ठूलो समस्या उत्पन्न भएको र सो निषेध खुला गरिदिन समेत आग्रह गरिएको छ।

अर्थमन्त्री पौडेललाई बुझाएको मागपत्रमा सरकारी विज्ञापनहरू विज्ञापन बोर्डबाट विज्ञापन एजेन्सीमार्फत जाने र विज्ञापनदाताले विज्ञापनको रकम भुक्तानी गर्दा सम्बन्धित सञ्चार माध्यमको बिल अनिवार्य रूपमा संलग्न हुनुपर्ने व्यवस्थाको समेत माग गरिएको छ।

नेपाल सरकारले आमसञ्चार माध्यममा मदिराजन्य पदार्थको विज्ञापन गर्न रोक लगाएकाले भन्न् ठूलो समस्या उत्पन्न भएको र सो निषेध खुला गरिदिनसमेत आग्रह गरिएको छ। उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले मिडिया एलाइन्स नेपालले आफूलाई बुझाएको मागपत्र रद्दीको टोकरीमा जान नदिने बताएका छन्।

मिडिया एलाइन्स सञ्चार क्षेत्रका समस्या समाधान सम्बन्धमा बुधवार अर्थ मन्त्रालयमा आफूलाई बुझाएको मागपत्र ग्रहण गर्दै उक्त आश्वासन दिएका हुन्।

मिडिया एलाइन्सले बुझाएको माग पत्र ग्रहण पछि अर्थमन्त्री पौडेलले मागको सम्बोधन गर्न पहल गर्ने बताए। मागपत्रको गहन अध्ययन पछि मिडिया एलाइन्सको टोलीलाई आफैंले छलफलका लागि बोलाएर निष्कर्ष निकाल्ने उनले बताए। एलाइन्सका मागलाई बुँदागतरूपमै कार्यान्वयन गर्न पहल गर्ने पौडेलले प्रतिबद्धता जनाए।

कार्यक्रममा अर्थमन्त्री पौडेलले २००७ साल देखिकै नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाली प्रेसको अतुलनीय भूमिका रहेको र नेपालमा लोकतन्त्र स्थापना भएकाले सरकारले नेपाली प्रेसको समस्यालाई नजरअन्दाज गरेर अघि बढ्न नसक्ने बताए। अर्थमन्त्री पौडेलले सरकारका काम कारबाहीलाई आलोचनात्मक टिप्पणी गरेर सहयोग गर्न आग्रहसमेत गरेका छन्।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८१/०४/१८

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय विराटनगर, मोरङबाटबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीहरुलाई मिति २०८१/०१/०६ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय विराटनगर, मोरङमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स आवधिक कर्जा र सवारी कर्जा

ऋणीको नाम : बिराटश्री ईण्डष्ट्रिज कम्पनी प्रा.लि.
रजिष्टर्ड ठेगाना : विराटनगर उप.म.न.पा वडा नं ८, विराटनगर, मोरङ
रजिष्ट्रेशन नं. : १०६८७४/०६९ /०७० (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ)
रजिष्ट्रेशन मिति : २०६९/०७/०१
पान नं. : ३०५६७१८१३

कम्पनीको अध्यक्ष तथा जमानीकर्ताको नाम र ठेगाना
नाम : कुमार पौडेल
बाबु : रण बहादुर पौडेल
बाजे : कर्ण बहादुर पौडेल
ठेगाना : विराटनगर उप.म.न.पा.-४, मोरङ
हाल : विराटनगर म.न.पा.-३, मोरङ
ना.प्र.नं : ९९०१६४८६
जारी मिति : २०४५/११/३०
जि.प्र.का. : मोरङ

कम्पनीको संचालक तथा जमानीकर्ताको नाम र ठेगाना
नाम : आशिष खनाल
बाबु : अनिल कुमार खनाल
बाजे : अमृत प्रसाद उपाध्याय
ठेगाना : विराटनगर उप.म.न.पा.-१५, मोरङ
हाल : विराटनगर म.न.पा.-०५, मोरङ
ना.प्र.नं : ०५३०८०/१८३
जारी मिति : २०६३/१२/२९
जि.प्र.का. : मोरङ

जमानीकर्ताको नाम र ठेगाना
नाम : आस्मा चालिसे
बाबु : विजय कुमार चालिसे
पति : आशिष खनाल
ससुरा : अनिल कुमार खनाल
ठेगाना : विराटनगर उप.म.न.पा.-११, मोरङ
हाल : विराटनगर म.न.पा.-०५, मोरङ
ना.प्र.नं : ८८११२
जारी मिति : २०६५/०३/१८
जि.प्र.का.: मोरङ

धितो राखिएको सम्पत्तीको विवरणः
१. धितो सुरक्षण धनीको नाम : बिराटश्री ईण्डष्ट्रिज प्रा.लि.

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (ब.मी)	कैफियत
१.	मोरङ	हात्तीमुढा	२/१७८०३४५	३४८	१२३०.००	सो जग्गामा भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु र सो को लिगलगापात समेत।
२.				३५०	३६७५.६९	
३.				३५१	४५७५.९५	

२. धितो सुरक्षण धनीको नाम :– कर्जा प्रयोजनका लागि सवारी धनी सिटिजन्स बैंक इन्टरनेसनल लि. धनी कायम भई ऋणी बिराटश्री ईण्डष्ट्रिज कम्पनी प्रा.लि. रहेको सवारी साधनहरु।

क्र.सं	सवारीको किसिम	चेसिस नं.	इन्जिन नं.	दर्ता.नं.	बनेको साल
१.	KIA SELTOS HTK +	MZBEP812LMN192148	G4FLLV108160	PRADESH 3-024-001 CHA 5745	2020

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

२. कर्जा शिर्षक : सिटिजन्स मोर्गेज लोन– आवधिक कर्जा

ऋणीको नाम र ठेगाना
१.नाम : आशिष खनाल
बाबु : अनिल कुमार खनाल
बाजे : अमृत प्रसाद उपाध्याय
ठेगाना : विराटनगर उप.म.न.पा.-१५, मोरङ
हाल : विराटनगर म.न.पा.-०५, मोरङ
ना.प्र.नं : ०५३०८०/१८३
जारी मिति : २०६३/१२/२९
जि.प्र.का. : मोरङ

जमानीकर्ताको नाम र ठेगाना
२.नाम : आस्मा चालिसे
बाबु : विजय कुमार चालिसे
पति : आशिष खनाल
ससुरा : अनिल कुमार खनाल
ठेगाना : विराटनगर उप.म.न.पा.-११, मोरङ
हाल : विराटनगर म.न.पा.-०५, मोरङ
ना.प्र.नं : ८८११२
जारी मिति : २०६५/०३/१८
जि.प्र.का. : मोरङ

माथि उल्लेखित ऋणीहरु बिराटश्री ईण्डष्ट्रिज कम्पनी प्रा.लि. र आशिष खनालले लिएको ऋण कर्जाको लागि धितो राखिएको सम्पत्तीको विवरणः
धितो सुरक्षण धनीको नाम : आशिष खनाल

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (बिगाहा)	कैफियत
१.	मोरङ	थलाहा	८/८क	५९७	१-०-०-०	सो जग्गामा भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु र सो को लिगलगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सुचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :
१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग वा शाखा कार्यालय विराटनगर, मोरङमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८१/०५/०२, आइतबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय विराटनगर, मोरङ।

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

वर्गीकृत विज्ञापन/डिस्प्ले

घरजग्गा

काठमाडौं गोलढुंगाको तुरुन्तै बिक्रीमाः ९७६७६५५२९५, ९८०३२३१८७६

स्वयम्भु भगवानपाउको अत्याधुनिक आकर्षक बंगला तुरुन्तै बिक्रीमा ९८०६६५८८००, ९८०३८२२२७२

उमेश कार्कीको नाममा जारी गरिएको १५ दिने सूचना

प्रकाशित मिति २०८१।०४।१८ गते नागरिक दैनिक यस वडा अन्तर्गत कालीमार्गमा स्थायी बसोबास भएको सरिता श्रेष्ठको नाममा कायम भएको घर नं. ख१/४०५ मा बनेको घरमा सटर भाडामा लिई विगत २०८१ वैशाख १ देखि भाडा नतिरेको र सटर बन्द गरेकोले कोठा खोली पाऊँ भनी घरधनी सरिता श्रेष्ठले निवेदन दिनुभएको हुँदा काठमाडौं महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका २०७९ को दफा २७ उपदफा ३ बमोजिम विपक्षीहरूलाई यस का.म.पा ३१ वडा कार्यालयमा १५ दिन भित्र उपस्थित भई हालसम्मको बहाल भुक्तान गरी कोठा खाली गर्नुहोला। अन्यथा कानुन बमोजिम कोठा खाली गराइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।
३१ नं. वडा कार्यालय, कालीमार्ग, काठमाडौं

बीमा पोलिसी हरायो

मिति २०८१/०३/१२ गतेका दिन भक्तपुर देखि सूर्यविनायकसम्म जाँदा मेरो निम्न व्यहोरा भएको सानिमा रिलायन्स लाईफ ईन्स्योरेन्स कम्पनीको बीमालेख हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा निम्न सम्पर्क नं. मा खबर गरिदिनुहुन बिनम्र अनुरोध गर्दछु।
नामः सुमन मोक्तान
ठेगानाः सुर्यविनायक न.पा.-२, भक्तपुर
बीमालेख नं.: ३२००००२९६
सम्पर्कः ९८४९६२७२४

सम्पर्क

फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नहोस: ९८४९३३३५९०

होटल बिक्रीमा

स्वयम्भु विजेश्वरी हाइवेको चलिरहेको होटल ॐ तुरुन्तै बिक्रीमाः ९८०३८२२२७२, ९८०६६५८८००

बीमालेख हराएको सूचना

यस कम्पनीवाट जारी गरिएको तपसिल बमोजिमको बीमालेख बीमितले **बनेपा ०५, काभ्रेपलान्चोक** बाट हराएको हुँदा पाउनु हुने माहनुभावले नजिकको प्रहरी कार्यालय वा यस कम्पनीको नजिकैको शाखा कार्यालयमा बुझाउनु हुन अनुरोध गरिन्छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र नभेटिएमा वा दावी नआएमा नियमानुसार प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सुचित गरिन्छ।

बीमितको नामः	श्री सुमित लामा
बीमालेख नं.:	३४६०००३९९
ठेगानाः	बनेपा ०५, काभ्रेपलान्चोक

IMELIFE
आई.एम.ई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
लैनचौर–२६, काठमाडौं, नेपाल।
फोन नं. ४०२४०७१, ४०२४०७२

Ratnanagar Municipality
Office of Municipal Executive
Ratnanagar
Chitwan, Nepal

Notice for Invitation of Bid

First Date of publication: 2081-04-18 (2nd Aug, 2024)

Ratnanagar Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the Supply of medicine for Ratnanagar Municipality under National Competitive Bidding procedures.

SN	Name of Project	IFB No:	Estimated Amount in NRs (Without VAT/PS)	Bid security amount in NRs.	Bid Document fee amount in NRs.	Remarks
1	Procurement of medicines for basic and emergency health services.	RAT/CHITWAN/ goods/NCB/ 2/2081-82	4000000	112000	3000	

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website http://www.bolpatra.gov.np/egp or may visit website of Ratnanagar official website (http://www.ratnanagarm